अविलम्ब प्रेषणका लागि

# विश्व बैंक

## नीतिगत जोखिम, लागत तथा प्रतिस्पर्धाका बाधकहरु कम हुनु नै द्रुततर वृद्धि तथा गरिबी कम गर्ने प्रमुख आधार

**वाशिङ्गटन, असोज १३, २०६१** –आर्थिक वृद्धिलाई द्रुततर पार्न र गरिबी न्युनीकरण गर्नका लागि सरकारहरुले नीतिगत जोखिम, लागत तथा प्रतिस्पर्धाका बाधकहरुलाई न्युनीकरण गर्नु अत्यावश्यक छ । उक्त कुरा विश्व बैंकको आज जारी गरिएको सन् २००५ को वार्षिक विकास प्रतिवेदनमा जनाइएको छ । किसान तथा साना उद्यमीदेखि स्थानीय उत्पादक तथा बहुराष्ट्रिय कम्पनीहरु जस्ता सबै प्रकारका व्यावसायीक फर्महरुका सन्दर्भमा सो कुरा लागु हुने प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदन प्रस्तुत गर्दै **विश्व बैंकका वरिष्ट उपाध्यक्ष तथा प्रमुख अर्थशास्त्री फ्रान्कोँ बरग्वाँ**ले भन्नुभयो- *'लगानीको समुचित वातावरण नै वृद्धि तथा गरिबी न्युनीकरणको आधारस्तम्भ हो ।'* जीवन्त निजी क्षेत्रले रोजगारीका अवसरहरुको सिर्जना गर्ने र जीवनस्तरमाथि उकास्नका लागि आवश्यक बस्तु तथा सेवाहरु उपलब्ध गराउने विचार प्रकट गर्दै उहाँले 'यसले स्वास्थ्य, शिक्षा सहितका अन्य सेवाहरुमा सार्वजनिक लगानीका लागि चाहिने करमा महत्वपूर्ण योगदान पुऱ्याउँदछ' भन्नुभयो । उहाँको विचारमा 'सरकारहरुले जोखिम, लागत तथा प्रतिस्पर्धाका बाधकहरु सिर्जना गरिदिएर कतिपय स्थितिमा निजी क्षेत्रबाट प्राप्त हुने योगदानमा समेत अवरोध पुऱ्याइरहेका छन् ।'

'सबैका लागि समुचित लगानी वातावरण' नामक सो प्रतिवेदन ५३ वटा विकासशील राष्ट्रका ३० हजारभन्दा बढी व्यावसायीक फर्महरुमाथि गरिएको सर्वेक्षण, बैंकको व्यावसायीक तथ्यांक स्रोत, सम्बद्ध मुलुकहरुको केश स्टडीज तथा विविध अनुसन्धानहरुमा आधारित छ । प्रतिवेदनमा सबै प्रकारका फर्महरुलाई उत्पादनशील लगानी, रोजगारीको सिर्जना तथा विस्तार गर्नका लागि सरकारहरुले नयाँ अवसर तथा प्रोत्साहन दिएर लगानीको वातावरणमा सुधार ल्याउनुपर्ने आवश्यकता भएको कुरामा जोड दिइएको छ ।

विकासशील देशहरुमा व्यावसायीक फर्महरुको चिन्ताको विषय नै नीतिगत जोखिमहरु हुने गरेको पाइएको छ । त्यसमा पनि सरकारहरुका नीतिहरुको कार्यान्वयनमा देखिने गरेको अनिश्चितता सबैभन्दा चिन्ताको विषय बनेको छ । ती बाहेक अस्थिर बृहत् अर्थतन्त्र, स्वविवेकमा गरिने

नियामनकारी हस्तक्षेप र सम्पत्तिमाथिको अधिकारको फितलो संरक्षण पनि व्यावसायीक फर्महरुका लागि चिन्ताका विषय बन्ने गरेका छन् । उपरोक्त प्रकारका जोखिमहरु नयाँ अवसर, उत्पादनशील लगानी तथा रोजगारीको सिर्जनामा तगारो बन्ने गरेका पाइन्छन् । बंगलादेशका ८० प्रतिशतभन्दा बढी र इक्वेडोर तथा मोल्डोभाका ७० प्रतिशतभन्दा बढी व्यावसायीक फर्महरुलाई अदालतहरुबाट उनीहरुको सम्पत्ति सम्बन्धी अधिकारको संरक्षण हुन्छ भन्ने विश्वासको अभाव छ । नीतिगत सुनिश्चित्‌ता आउन सकेमा मात्रै पनि ३० प्रतिशतभन्दा बढी दरमा नयाँ लगानी बढ्‌ने कुरा प्रतिवेदनमा उल्लेख छ ।

फर्महरुमाथि नीतिगत विषयसँग सम्बद्ध लागतहरुको उल्लेखनीय व्ययभार रहने भएकोले कतिपय लगानीका अवसरहरु असंभाव्य हुने गरेका छन् । बैंकको यसै महिना प्रकाशित *'सन् २००५ मा व्यवसाय गर्ने'* विषयको प्रतिवेदनमा पूरानो भई काम नलाग्ने भएका वा गलत रुपमा ल्याइएका कानुनहरुको अधीनमा फर्महरुमाथि अतिशय मात्रामा व्ययभार थोपरिएको तथ्य प्रकाश पारिएको छ । विश्व बैंकको *विकास प्रतिवेदन-२००५* ले यस्ता कानूनहरुलाई बृहत्तर समस्याकै एक अंशको रुपमा लिएको छ ।

प्रतिवेदनमा जनाइएको छ- अनियमित विद्युत् आपूर्ति तथा अन्य पूर्वाधारहरुका अवरोधहरु लगायत अपराध तथा भ्रष्टाचारले नियामन सम्बन्धी कानूनहरुले भन्दा दोब्बर व्ययभार वृद्धि गराउँदछ । उपरोक्त व्ययभारमा फितलो कार्यान्वयन र भारपूर्ण कानूनले गर्दा बिक्रीको लगभग २५ प्रतिशत लागत थपिने गरेको छ । यो लागत सामान्यतया व्यावसायीक फर्महरुले तिर्ने करभन्दा झण्डै तीनगुना बढी हुन आउँछ । इरिट्रीया, भारत तथा केन्यामा अनियमित विद्युत् आपूर्तिका कारण मात्रै बिक्रीको १० प्रतिशतभन्दा बढी लागत बढ्‌ने गरेको पाइन्छ । यस्तै आर्मेनिया, अजरबैजान तथा पेरुमा आपराधिक कार्यका कारण १० प्रतिशत लागत वृद्धि हुने गरेको छ भने अल्जेरिया, कम्बोडिया तथा निकारागुवामा भ्रष्टाचारका कारण ६ प्रतिशतको दरमा लागत बढ्‌ने गरेको छ ।

प्रतिवेदनका अनुसार **प्रतिस्पर्धाका बाधक**हरु पनि व्यावसायीक फर्महरुको उत्पादकत्व वृद्धि तथा उत्प्रेरणाका लागि निरासाजनक मानिन्छन् । ठूलो जोखिम तथा उच्च लागतले प्रतिस्पर्धा हुनबाट रोक्दछ । यस्तै फर्महरुको बजार-प्रवेश तथा बर्हिगमनलाई नियमित गराउने क्रममा सरकारहरुले जुन बन्धनकारी नीतिहरु लागु गर्ने गरेका छन्, त्यसबाट पनि प्रतिस्पर्धा हुनबाट रोकिरहेको देखिन्छ । यसरी नै फर्महरुको प्रतिस्पर्धाविरोधी ब्यवहारलाई नियन्त्रित गर्ने अपर्याप्त सरकारी प्रयासहरु पनि प्रतिस्पर्धाका लागि बाधक बन्ने गरेका छन् । पोल्याण्डका झण्डै ९० प्रतिशत फर्महरुले कडा प्रतिस्पर्धाको दवाव सामना गर्नु परिरहेको छ, जुन जर्जियाका फर्महरुले व्यहोर्नु परिरहेको प्रतिस्पर्धात्मक दवावको दोब्बर हुन आउँछ । प्रतिवेदनका अनुसार कठोर प्रतिस्पर्धात्मक दवावका कारण ५० प्रतिशतभन्दा बढी दरले नयाँ सिर्जना हुनसक्ने संभाव्यता बढाउँदछ ।

जोखिम, लागत तथा प्रतिस्पर्धाका बाधकहरुको स्तर र भार विभिन्न देशमा विभिन्न आकारको मात्र हुने नभई एउटै देशभित्र पनि विविध आयतनको हुने गरेको पाइन्छ । यो कुरा ब्राजील, चीन तथा भारतका विभिन्न राज्य तथा प्रान्तहरुमा लागु हुन्छ, तापनि अन्य केही साना मुलुकहरुमा

पनि जोखिम, लागत तथा प्रतिस्पर्धाका बाधकहरुको स्तर र भार फरक-फरक पर्ने गरेको कुरा प्रतिवेदनमा उल्लेख छ ।

लगानीको अप्रभावकारी वातावरणले सानातिना फर्महरु तथा अनौपचारिक अर्थतन्त्रका क्षेत्रहरुलाई सबैभन्दा आहात् पार्दछ । यस्ता फर्महरुलाई वित्तीय तथा सार्वजनिक सेवाहरुमा पहुँच पाउन अपेक्षाकृत रुपमा कठिनाई पर्ने, अदालतहरुप्रति कम विश्वास उत्पन्न हुने र कानूनको व्याख्याप्रति निश्चितता नरहने हुन्छ भनी प्रतिवेदनमा जनाइएको छ । आफैं बिजुली उत्पादन गर्नुपर्ने जस्ता स्थिर लागतमा दवाव पार्ने कार्यहरुबाट साना फर्महरुमाथि अझ ठूलो भार पार्दछ भनी प्रतिवेदनमा उल्लेख गरिएको छ ।

प्रतिवेदनका **अगुवा लेखक वारिक स्मिथ**को भनाई छ- *'नब्बे प्रतिशतभन्दा बढी फर्महरुले नीति तथा व्यवहारमा अन्तर छ भन्दछन् भने धेरैजसो विकासशील राष्ट्रहरुको कुल उत्पादनमा अनौपचारिक अर्थतन्त्रको योगदान आधाभन्दा बढी रहेको पाइन्छ । तसर्थ, सरकारहरुले यस्ता अन्तरहरुलाई हटाउनुका साथै लगानीको वातावरणमा नकारात्मक असर पार्ने नीतिगत बिफलताहरुसँग जुध्नु आवश्यक छ ।'*

प्रतिवेदनका अनुसार लगानीको वातावरणमा सुधार ल्याउनका लागि कतिपय कानुन तथा नीतिहरुमा परिवर्तन ल्याउन आवश्यक छ भन्दै त्यसका लागि सरकारहरुले चारवटा संवेदनशील चुनौतीहरुलाई संबोधन गर्नुपर्ने कुरामा जोड दिइएको छ:

- *भ्रष्टाचारजनीत् प्रवृत्तिहरुको नियन्त्रण*
- *सरकारका नीतिहरुको विश्वसनीयता अभिवृद्धि*
- *नीतिगत सुधारका लागि आमसमर्थन जुटाउनु पर्ने*
- *नीतिगत असरको समायोजन स्थानीय आवश्यकता अनुकूल हुनेगरी गर्ने ।*

यसैगरी विकास प्रतिवेदन- २००५ मा सरकारहरुले सबै फर्म तथा आर्थिक क्रियाकलापहरु लाभान्वित हुने गरी लगानीको समुचित वातावरण निर्माण गर्नका लागि *स्थिरता तथा सुरक्षा, नियामन तथा कर प्रणाली, वित्त तथा पूर्वाधार व्यवस्था र कामदार तथा श्रम बजार* जस्ता आधारभूत विषयहरुमा ध्यान दिनु जरुरी भएको कुरा जनाइएको छ ।

---